**पोखरा उपत्यका साइडसिन घुम्न जाऔं**
**घुमाउने ठाउँहरू**
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ १५ गते मंगलबार ❑ 28 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## राष्ट्रिय परिचयपत्र सुशासनको आधार : सञ्चारमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १४ माघ

सञ्चार तथा सूचनाप्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले राष्ट्रिय परिचयपत्र सुशासन कायम गर्नका लागि महत्त्वपूर्ण आधार बन्ने बताउनुभएको छ।

जिल्ला प्रशासन कार्यालय कास्कीमा सोमबार प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेबाट राष्ट्रिय परिचयपत्र ग्रहण गर्दै उहाँले आधुनिक र वैज्ञानिक प्रविधि भएकाले यसलाई 'सुपर सिटिजनसीप' का रूपमा समेत लिनुपर्ने बताउनुभयो । सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चारमन्त्री गुरुङले हालै अध्यादेशमार्फत सामाजिक सुरक्षा भत्ताका लागि



राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गरिएको बताउनुभयो । उहाँले भन्नुभयो,"नागरिकताकामाध्यमबाट धेरै अनियमितता भयो, त्यसलाई रोक्नका लागि राष्ट्रिय परिचयपत्रलाई आधार मान्ने भनेर प्रबन्ध गरेका छौँ । सुशासनका लागिसमेत महत्वपूर्ण पाटो हो ।"

सरकारले बैङ्किङ कारोबार, राहदानी तथा मालपोतका लागिसमेत राष्ट्रिय परिचयपत्रलई मुख्य आधार मान्ने मन्त्री गुरुङको भनाइ छ। "राष्ट्रिय परिचयपत्र उच्च प्रविधियुक्त भएकाले आधुनिक र भरपर्दो रहेको छ।

यसमार्फत धेरै काम हुन्छ। बायोमेट्रिक प्रणालीमा चल्ने भएकाले तलमाथि चोरी गर्न नसकिने खालको छ। नागरिक एपमा प्रयोग गर्दासमेत यसलाई आधार मान्छौँ," सञ्चारमन्त्री गुरुङले भन्नुभयो । प्रमुख जिल्ला अधिकारी पाण्डेले जिल्लामा हालसम्म दुई लाख सात सय १६ राष्ट्रिय परिचयपत्र प्राप्त भएकामा स्थानीय तहका वडा कार्यालयमार्फत ७५ हजार सात सय १८ जनालाई वितरण गरिएको बताउनुभयो । उहाँले प्रशासन कार्यालयमा राष्ट्रिय परिचयपत्रका लागि आवेदन सङ्कलन गर्ने कार्यसमेत सञ्चालन भइरहेको जानकारी दिनुभयो।

## तारको जञ्जालबाट मुक्त हुँदै पोखरा

**पोखरापत्र संवाददाता**
पोखरा, १४ माघ

विजयपुर खोला कटेर पर्यटकीय राजधानी सहर पोखरा छिर्दा पहिलेको दाँजोमा हिजोआज केही फरक दृश्य आँखामा आइपुग्छ। गाडीमा चढ्दा होस् या पैदल हिँड्दा उत्तरपट्टिका लहरै हिमाल सजिलै देख्न सकिन्छ । छिटपुटबाहेक विद्युत्का जीर्ण पोल हटाइएको छ। तार जमिनमुनि बिछ्याइएको छ । गुजुमुज तारको चेपबाट हिमाल चिहाउनुपर्ने बाध्यता टरेको छ। लथालिङ्ग अवस्थामा रहेका तार र पोल हटेपछि सडक खुला र फराकिलो देखिन थालेको छ।

नेपाल विद्युत् प्राधिकरणको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाअन्तर्गत पोखराका मुख्य सहरी क्षेत्रमा अहिले विद्युतीय तार भूमिगत गर्ने काम भइरहेको छ। प्राधिकरणको सवस्टेसन रहेको पोखरा महानगरपालिका-१० कुँडहरदेखि अमरसिंहचोक, बुद्धचोक हुँदै पृथ्वीचोकसम्म विद्युतीय तार बिछ्याइसकिएको आयोजनाका प्रमुख इञ्जिनियर आनन्द सुवेदीले जानकारी दिनुभयो। "तार भूमिगत भइसकेको छ, अहिले मुख्य लाइनबाट ग्राहकको घरसम्म विद्युत् जोड्ने काम भइरहेको छ", उहाँले भन्नुभयो, "पोखरा अन्तर र्राष्ट्रिय विमानस्थल र लेकसाइट क्षेत्रमा पनि तार बिछ्याउने काम सकिएको छ, पोल र तार हटाउँदैछौँ ।" इञ्जिनियर सुवेदीका अनुसार आयोजनाको ५५ प्रतिशत भौतिक प्रगति भएको छ । कुँडहरदेखि जिरो किमीसम्मको मुख्य राजमार्ग, सिर्जनाचोक, राष्ट्रबैंकचोक, लेकसाइट, सभागृहचोक, न्यूरोड, चिप्लेढुङ्गागायतका क्षेत्रमा तार भूमिगत गर्न लागिएको हो ।

मुख्यदेखि सहायक सडकसम्मै तार बिछ्याइने भएको हो । विद्युत् लाइनसँगै टेलिफोन, केबल र इन्टरनेटका तारका लागि अप्टिकल फाइबर पनि बिच्छ्याइएको इञ्जिनियर सुवेदीले जानकारी दिनुभयो । विद्युत् लाइनसँगै टेलिफोन, केबल र इन्टरनेटका तारका लागि अप्टिकल फाइबर पनि बिच्छ्याइने छ। "विद्युत्सँगै केबल र दूरसञ्चार सेवा प्रदायक संस्थाका तार पनि एकैसाथ भूमिगत गर्ने काम भइरहेको छ, अहिले भएको ओभरहेड प्रणालीका सबै तार हट्छन्", इञ्जिनियर सुवेदीले भन्नुभयो, "पोखराका मुख्य सहरी क्षेत्र र पर्यटकको बढी आउजाउ हुने ठाउँको तारलाई जमिनमुनि बिछ्याउन लागिएको हो ।"

पोखरामा तार भूमिगत र वितरण प्रणाली सुदृढीकरणमा रु एक अर्ब ३० करोड खर्च हुने प्राधिकरणले जनाएको छ । तार बिछ्याएपछि ग्राहकको घरघरमा बिजुली पुऱ्याउने काम पनि प्राधिकरण नै गर्नेछ । प्राधिकरणले सडकमा न्यून क्षति हुने गरी तार बिछ्याउने प्रविधि प्रयोग गर्दै आएको छ। 'होरिजेन्टल डाइरेक्सनल ड्रिलिङ' प्रविधिबाट सडक खनेर तार भूमिगत गरिएको इञ्जिनियर सुवेदीले बताउनुभयो। प्राधिकरणलेपोखरामा तार भूमिगत गर्ने आयोजना विसं २०७८ मा सुरु गरेको थियो ।

दुई वर्षमा काम सक्ने गरी भारतीय कम्पनी टाटा प्रोजेक्ट्सले निर्माणको जिम्मा पाएको थियो । ठेक्का सम्झौता भएको १५ महिनापछि विसं २०८० वैशाखको अन्तिमतिर पोखरामा तार बिछ्याउने काम सुरु गरिएको थियो । इञ्जिनियरिङ डिजाइन र उपकरण खरिदमा समय लागेकाले काम ढिलो सुरु भए पनि पछिल्लो समय भने निर्माण कम्पनीको ढिलासुस्तीका कारण आयोजनाको भौतिक प्रगति काम देखिएको इञ्जिनियर सुवेदीले बताउनुभयो। उहाँका अनुसार गत वर्ष माघमा थपिएको ठेक्का म्याद पनि सकिन लागेपछि पुनः म्याद थपका लागि प्रक्रिया अगाडि बढेको छ।

"विद्युतीय तार भूमिगतसँगै जीर्ण पोल र तार हटाउने काम भइरहेको छ", इञ्जिनियर सुवेदीले भन्नुभयो, "स्वच्छ र हराभरा पोखराको सुन्दरतामा आँच पुऱ्याइरहेका पोल र तारको जञ्जालबाट पोखराले छिट्टै मुक्ति पाउँदैछ।" पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन-पोखरा खण्ड विस्तार तथा स्तरोन्नतिका क्रममा पनि सहरी क्षेत्रका अव्यवस्थित भौतिक संरचना हटाउने काम भइरहेको छ । त्यसले पनि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## आवश्यकताअनुसार अध्यादेश जारी गरिएकामा सत्तापक्षीय दल एकमत

**रासस**
काठमाडौं, १४ माघ

सत्तापक्षीय दलहरूले आवश्यकताका आधारमा अध्यादेश जारी गरिएकाले यसमा सबै एकमत हुने बताएका छन् ।

सङ्घीय संसद्को आसन्न हिउँदे अधिवेशनमा सत्तापक्षको तयारी र सरकारका कामको प्रभावकारितालगायत विषयमा छलफल गर्न सोमबार आयोजित बैठकमा सत्तापक्षका शीर्ष नेताहरूले यथाशीघ्र संसद् बाट प्रतिस्थापन विधेयक ल्याएर पारित गर्ने निष्कर्षसमेत निकालेका छन् । संसद् बैठकमा सत्तापक्षीय हिसाबले सशक्त, प्रभावकारी र रचनात्मक रूपमा समान धारणका साथ प्रस्तुत हुने बैठकले निर्णय गरेको एमालेका प्रमुख सचेतक महेश बर्तौलाले जानकारी दिनुभयो । "थप केही छलफल गर्नुपर्ने विषय भए प्रधानमन्त्री ओली, सभापति देउवालगायत शीर्ष नेतृत्वसँग छलफल गर्ने बैठकको निष्कर्ष छ", उहाँले भन्नुभयो, "साथै अरु आवश्यक कानुन पनि छिट्टै ल्याउने, संसद् लाई पर्याप्त बिजनेस दिएर तदारुकताका साथ कानुन र विधि निर्माणमा उपयोग गर्ने बैठकको निष्कर्ष छ।"

प्रधानमन्त्रीकेपीशर्मा ओलीको आह्वानमा प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकले सरकारको कामकारबाहीलाई थप प्रभावकारी बनाउने निष्कर्ष निकालेको छ। बैठकमा प्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष ओली, नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, एमाले उपाध्यक्ष एवं उपप्रधानमन्त्री विष्णुप्रसाद पौडेल, कांग्रेस उपसभापति पूर्णबहादुर खड्का, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुर, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, जनमत पार्टीका अध्यक्ष डा चन्द्रकान्त (सिके) राउत, जनता समाजवादी पार्टी नेपालका नेता राजकिशोर यादव तथा ती पार्टीका संसदीय दलका प्रमुख सचेतलगायत सहभागी हुनुहुन्थ्यो ।

बैठकमा प्रधानमन्त्री ओलीले जनतालाई सेवा दिन र विकास निर्माणका कामलाई गति दिन अत्यावश्यक भएका अध्यादेशहरूलाई संसद्को पहिलो दिनमै पेस गर्ने र छिट्टै प्रतिस्थापन विधेयक प्रस्तुत गरिने बताउनुभएको थियो । सङ्घीय संसद्को हिउँदे अधिवेशन यही माघ १८ गतेदेखि प्रारम्भ हुँदैछ।

## पोखरा अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा बढ्दै विदेशी पर्यटक


**पोखरापत्र संवाददाता**
पोखरा, १४ माघ

पर्यटकीय राजधानी पोखरास्थित अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा अघिल्लो वर्षको तुलनामा विदेशी पर्यटकको सङ्ख्या बढेको छ।

सन् २०२३ मा सार्क राष्ट्रबाहेकका कुल १९ हजार एक सय १९ विदेशी पर्यटकले सङ्ग्रहालयको अवलोकन गरेकामा सन् २०२४ मा २२ हजार चार सय ७० ले अवलोकन गरेका छन् । सङ्ग्रहालयमा पर्वतीय पर्यटनका विविध पक्षलाई जीवन्त रूपमा चित्रण गर्ने किसिमका सामग्री राखिएको कार्यकारी निर्देशक निर्मला न्यौपानेले जानकारी दिनुभयो ।




उहाँका अनुसार सङ्ग्रहालयमा आउने पर्यटकमध्ये विदेशी पर्यटकका लागि प्रतिव्यक्ति रु सात सय ५० टिकट दस्तुर निर्धारण गरिएको छ । त्यस्तै, सार्क राष्ट्रका नागरिकका लागि रु तीन सय ५०, स्वदेशी अन्य सर्वसाधारणका लागि रु एक सय ५० र विद्यार्थीका लागि रु ८० टिकट दस्तुर निर्धारण गरिएको छ। सङ्ग्रहालयमा स्वदेशी एवं विदेशी पर्यटकको आगमन बढ्दो क्रममा रहेको उहाँले जानकारी दिनुभयो। सन् २०२४ मा स्वदेशी एवं विदेशी पर्यटक गरी कुल ९५ हजार आठ सय ६२ जनाले सङ्ग्रहालयको अवलोकन गरेको उहाँले जानकारी दिनुभयो । पोखरा आउने पर्यटकका लागि महत्वपूर्ण गन्तव्यका रूपमा सङ्ग्रहालय स्थापित बन्दै गएको उहाँले बताउनुभयो । हिमाल र हिमाली जीवनका विभिन्न गतिविधिलाई नियाल्न सकिने सङ्ग्रहालयमा त्यस क्षेत्रमा बसोबास गर्ने जातजातिको रीतिरिवाज, वेशभूषा, कला र संस्कृतिका साथै भौगोलिक अवस्था आदिबारे जानकारी लिने व्यवस्था मिलाइएको छ।






# चार भाइ व्याडमिन्टन कप सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १४ माघ

स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद भन्ने उद्घोषका साथ आयोजित पाचौ चार भाई व्याडमिन्टन कप २०८१ सम्पन्न भएको छ।

चार भाई युवा क्लवको आयोजनामा ताङलेकोट तमु समाज नयाँगाउँको हलमा भएको प्रतियोगिता माघ ११ गते शुरु भई १३ गते सम्पन्न भएको हो। कपका लागि गण्डकी प्रदेश र अन्य प्रदेशका विभिन्न जिल्लाबाट प्रतियोगी सहभागी भएका थिए। प्रतियोगीता अर्न्तगत मेन्स डवल्स बि लेवल ,मेन्स डवल्स सी लेभल र गण्डकी प्रदेश स्तरीय खुल्ल्ला मिक्स डवल्स गरी तीनवटा ईभेन्टस मा खेल सम्पन्न भएको खेल संयोजक विष्णु गुरुङले जानकारी दिए। जसअर्न्तगत बी लेभल मेन्स डवल्स तर्फ प्रथम हुदै अमर थापा र सागर थापाको जोडीले रु.४५ हजार, उपविजेता बनेको



विधान गुरुङ र भुवन सुनारले ३० हजार र तृतीय हुन सफल तुल गुरुङ र पुकार गुरुङ साथै विमल कुमाल र आशिष शाहीको जोडीले समान ८/८ हजार प्राप्त गरे।

त्यसैगरी मेन्स डवल्स सी लेवल विजेता भरत थापा र दियान थापाको जोडीले प्रथम पुरस्कार स्वारुप रु.४० हजार प्राप्त गरे। दोश्रो हुन सफल विक्की गुरुङ र बसन्त पौडेलको जोडीले २५,००० र तेश्रो हुन सफल सनिल थापा र नवीन थापा साथै कपिल गुरुङ र टोप वहादुर तरामुको जोडीले समान रु.७/७ हजार प्राप्त गरे। गण्डकी प्रदेश स्तरीय खुल्ला मिक्स डवल्स खुल्ला तर्फ प्रथम हुने जोडी विशाल खड्का र दिलाशा रानाले रुं २५ हजार द्धीतिय हुने टीम अक्षय क्षेत्री र अनु रानाले रु.१५ हजार र तृतीय हुने समुहहरु ईशान खडका र यामकुमारी गुरुङ साथै सुरेन्द्र हमाल र पुनम गुरुङले समान ६,६ हजार प्राप्त गरेको क्लवका अध्यक्ष सुरेश गुरुङले जानकारी दिनुभयो।

प्रतियोगिताको समापन कार्यक्रम वडा नं १५ का वडा अध्यक्ष तोरण बहादुर बानियाँको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। पुरस्कार वितरण गर्नुहुदै प्रमुख अतिथी बानियाँले चार भाई युवा क्लवको यस प्रतियोगिताले व्याडमिन्टन खेलको विकासमा विशेष सहयोग पुग्ने बताउदै आगामी दिनमा पनि सहयोग रहने बताए। यस प्रतियोगीतामा कास्की, स्याङजा, चितवन, तनुहँ, म्याग्दी लगायतका जिल्लाहरुबाट करीव २७० खेलाडीहरु सहभागी थिए भने हजारौले प्रत्यक्ष अवलोकन गरेका थिए। प्रतियोगिताबाट बचत रकम अनाथ, असाहाय, वालगृह मा सहयोग प्रदान गरीने चार भाई युवा क्लवका सदस्य बम गुरुङले जानकारी दिए। समापन कार्यक्रमको सञ्चालन सहसचिव अर्जुन गुरुङले गरेका थिए भने क्लवका अध्यक्ष सुरेश गुरुङको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

# अलि मियाँ स्मृति सेभेन ए साइड फुटबलको दोस्रो दिन ७ खेल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १४ माघ

लोक कवि अलि मियाँ स्मृति चौंथो खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगिता शोमबार सात खेल सम्पन्न भएका छन्।

पोखरा-१३ मा रहेको माछापोखरी फुटबल मैदानमा भएका खेलमा बरजला एफसी, एनकेबी एफसी, मुस्लिम कल्याणकारी, रानीपौवा एघार, एनबीपीसी एफसी, माछापुच्छ्रे श्रीशक्ती र एनएमवाइसी (बी) दोस्रो चरणमा प्रवेश गरेका छन्। बरजलाले मियापाटन एफसीलाई पेनाल्टी सुटआउटमा ३-२ गोल अन्तरले पराजित गर्‍यो। यस्तै एनकेबीले केआइसीसी बुनलाई पेनाल्टी सुटआउटमा ३-२ को गोल अन्तरले पराजित गर्‍दै दोस्रो चरणमा प्रवेश गर्यो। मुस्लिम कल्याण्कारीले नाइट मेयर एफसीलाई ३-० को अन्तरमा पराजित गर्दा रानीपौवा एघारले अन्नुदादा अभियान पदलाई



पेनाल्टी सुटआउनमा ३-२ को अन्तरमा पराजित गर्यो।

एनबीएफसीले हाम्रो एफसीलाई १-० मा स्तब्ध बनाउदा भाछापुच्छ्रे श्रीशक्तीले कमलपोखरी एफसीलाई पेनाल्टी सुटआउटमा ३-२ मा रोक्यो। आजको सातौ अर्थात अन्तिम खेलमा एनएमसीसीले एमपीसीलाई ३-० गोल सहज जित निकाल्यो।

प्रतियोगिता अन्तरगत मंगलबार पहिलोचरणका सात खेल हुने आयोजक समितिका सरशुल हकले जानकारी दिए। प्रतियोगितामा प्रथम हुने टिमले १ लाख ४० हजार र द्धितीय हुने टिमले ८५ हजार पुरस्कार पाउने छन्। यस्तै विधागत तर्फ वेष्ट फरवाड, मिड-फिल्डर, डिफेन्सर, गोलकिपर र हाइस्केररलाई नगद ५/५ हजारले पुरस्कार पाउने छन्। नेपाल मुस्लिम युवा समिति पोखरा-१३ को आयोजनामा भएको प्रतियोगिता यही माघ २० गतेसम्म चल्ने छ।

# व्यापार मेलामा जडिबुटीदेखि सुकुटीसम्म

पोखरापत्र संवाददाता
पोखरा, १४ माघ

पोखरा महानगरपालिका ३१, सुन्दरीडाँडा क्षेत्र जैविक विविधताले भरिपूर्ण छ। त्यहाँ विभिन्न प्रकारका जडीबुटीपाइन्छन्।स्थानीय जयबहादुर थापा वरपर पाइने जडीबुटीहरु संकलन गर्छन् र त्यसलाई बजारसम्म पुऱ्याउँछन्। सितल जडीबुटीको नामबाट उनले यो व्यवसाय गर्न थालेको लामै समय भयो। कतै मेला/महोत्सव आयोजना भयो भने उनी गुदरगानोदेखि विभिन्नखाले जडीबुटीको प्रदर्शन र बिक्री गर्छन्।

पोखराको नयाँबजारमा जारी ३३ औं संस्करणको राष्ट्रिय औद्योगिक व्यापार मेलामा उनी भन्दै थिए,'यी जडीबुटीहरुले तपाईंलाई केही बेफाइदा गर्दैन। खाँदा साइड इफेक्ट पनि हुँदैन। स्वस्थ रहन जडीबुटी खानुहोस्।' उनको स्टलमा रहेका थरिथरीका जडीबुटीप्रति अवलोकनकर्ताले विशेष चासो राखेका छन्। 'सबैले जडीबुटी चिन्दैनन्, त्यसको उपयोगिता के हो भन्ने पनि जान्दैनन्, हामी उहाँहरुलाई महत्व बुझाउँछौँ,'उनले भने। त्यसो त, नेपालको १ हजारदेखि १५ सय मिटरसम्मको उचाइमा पाइने १ हजार ९५० प्रकारका जडीबुटीहरु औषधिको रुपमा प्रयोग हुँदै आएको छ। तीमध्ये १ सय ४३ लाई व्यावसायिक औषधि उत्पादनमा प्रयोग हुने गरी वर्गीकरण गरिएको छ। परम्परागत रुपले प्रयोग हुने औषधीय



गुणसहितका धेरै जडीबुटीहरु हराउँदै गएका छन्। जति छन्, त्यसको पनि समुचित प्रयोग भएकै छैन। खल गरेर (पिसेर) औषधि बनाउने वैद्यहरु घट्दैछन्। परम्परा धानिरहेका आम्ची( हिमाली वैद्य) हरुले जडीबुटीको उपयोग गरिरहे पनि आधुनिक चिकित्सा विज्ञानको अगाडि हाम्रा अमूल्य सम्पत्ति र सभ्यता लोप हुँदै गएको छ। पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य तथा कृषि व्यवस्थापन उपसमिति संयोजक रामचन्द्र तिमिल्सिना (ढाकाटोपी बाजे ) का अनुसार पोखरा महानगरपालिका कृषि विकास महाशाखा,कृषि विकास निर्देशनालय गण्डकी प्रदेशलगायतसँगको सहकार्यमा मेलामा जडीबुटी तथा कृषि उत्पादनहरुको प्रदर्शनी गरिएको हो। उनका अनुसार मेलामा कृषिसँग सम्बन्धित २५ वटाभन्दा बढी स्टल रहेका छन्। तीमध्ये धेरैजसोलाई निःशुल्क रुपले प्रदर्शनी एवं बिक्रीको व्यवस्था मिलाइएको उनले बताए। पोखरा उद्योग वाणिज्य संघले शिक्षा, स्वास्थ्य,पर्यटन तथा कृषिको व्यावसायिकरणको लागि काम गर्दै आएको बताउँदै उनले भने,' कृषकहरुलाई आफ्ना उत्पादनहरुको प्रदर्शनी,बिक्री र बजारीकरणमा सघाउनको लागि मेला उपयोगी भएको छ।' पर्वत फलेबासको सामुदायिक खाद्य प्रशोधन केन्द्रबाट उत्पादित अमलाको अचार, चितवनको चेपाङ समुदायले उत्पादन गरेका च्यूरीको साबुन, चितवनको कालिका ६ को अर्जुन व्यावसायिक मौरी फर्मको मह,स्मार्ट कृषि बहुउद्देश्यी फार्मको गुन्द्रुक र मस्यौरा,जय देउराली फर्मको किबी,हेमजामा उत्पादित तरकारीहरु, बागलुङ काठेखोलाको उत्पादन कोदोको बिस्कुट,ढोंडबेसीको खुँदो,चितवन रामनगरको मह,मनखुसी खाद्य उद्योगको सिरम्लासम्म राखिएको छ। यस्तै पोखराकै अतिथि भान्साघरको उत्पादन भैंसीको सुकुटी,जुजुधौसम्मलाई मेलामा स्थान दिइएको तिमिल्सिनाको भनाइ छ। त्यसो त, क्यान कास्कीसँगको सहकार्यमा आयोजित १२ औं क्यान इन्फोटेक एवं चौथो मोवाइल मेलामा सूचना प्रविधिसम्बन्धी प्रदर्शनीले पनि अवलोकनकर्ताको ध्यान खिचेको छ। मेलाअन्तर्गत मंगलबार मोवाइल एप्स डेभलपर विश्वराज पौडेल,आइटी सुरक्षा विज्ञ रुपेश आचार्य तथा यार्सा ट्रेडका इञ्जिनियर रोशन श्रेष्ठले विद्यार्थीहरुलाई करिअरसम्बन्धी प्रशिक्षण दिने प्रचार प्रसार उपसमिति संयोजक मनोहरि पौडेलले जानकारी दिए। पोखरा उद्योग वाणिज्य संघको आयोजनामा माघ १० देखि संचालित मेलाको नेपाल उद्योग वीणज्य महासंघ तथा महासंघ गण्डकी प्रदेश संरक्षक हो भने गण्डकी प्रदेश सरकार,पोखरा महानगपालिका र नेपाल पर्यटन बोर्डले यसको प्रवर्द्धन गरेका छन्। 'लगानीको सम्वर्द्धन : उद्योग व्यवसायको प्रवर्द्धन' भन्ने मुल नाराका साथ आयोजित मेलामा संघले पोखरा औद्योगिक क्षेत्र उद्योग संघ,क्यान कास्की, नेपाल मोवाइल बितरक संघ गण्डकी र सिएसआइटी एसोसियसनसँग सहकार्य गरेको छ। यस्तै, मधेश प्रदेश सरकार, नेपालस्थित भारतीय राजदूताबास,स्वामी विवेकानन्द कल्चरल सेण्टर,पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा,कृषि विकास निर्देशनालय गण्डकीसँग पनि सहकार्य गरिएको संघका उपमहासचिव सुदीप श्रेष्ठले जानकारी दिए।

# गायत्री सिकाई केन्द्रको फोहर व्यवस्थापन सचेतना सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १४ माघ

गायत्री बहुउद्देश्यीय सिकाई केन्द्र, पोखरा १९ ले फोहर व्यवस्थापन सचेतना सहित कम्पोष्ट विन वितरण गरेको छ।

पोखरा महानगरपालिका वडा नं १९ को आर्थिक सहयोगमा भएको सो कार्यक्रमको उद्धाटन गर्दै वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले आफ्नो वरपर रहेका फोहरजन्य सामाग्रीको उचित व्यवस्थापन भए मात्र मानव समाज स्वस्थ बन्ने बताउनु भयो। उहाँले फोहर बर्गिकरणका विषयमा प्रत्येक विद्यालय र वडाभित्रका संघ संस्थाले सचेतना जगाउन आवश्यक रहेको भन्दै, त्यस्ता कार्यमा केन्द्रित हुन सुझाव दिनुभयो। सिकाई केन्द्रका अध्यक्ष शोभामोहन पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा एल एन्जल विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मदन वहादुर केसी, विन्धेश्वरी माविका प्रधानाध्यापक श्रीराम आचार्य, केन्द्रका सल्लाहकार लेखनाथ लामिछाने, एमाले वडा कमिटीका अध्यक्ष कोमल प्रसाद बास्तोला र नेपाली कांग्रेस वडा सभापति विष्णु प्रसाद बास्तोला लगायतले फोहर व्यवस्थापन मुख्य चुनौती रहेको बताउदै,



फोहरजन्य समस्या समाधानमा सवै पक्ष जागरुप हुनुपर्नेमा जोड दिए। संस्थाका अध्यक्ष पौडेलले फोहोर व्यवस्थापन विश्वव्यापी समस्या भएकाले यसको व्यवस्थापनमा विशेष जोड दिनुपर्ने स्पष्ट पार्दै, वर्तमान समयको शिक्षण सिकाइ व्यवहारिक हुनुपर्नेमा जोड दिनुभयो।

कम्पोष्ट विनको प्रयोग र फोहोर व्यवस्थापन सम्बन्धमा संस्थाका कोषाध्यक्ष कृष्ण प्रसाद गौतमले सहभागीलाई प्रशिक्षण समेत दिनुभएको थियो। सो अवसरमा केन्द्रले वडा भित्रका दशओटा सामुदायिक तथा गुठी अन्तर्गतका विद्यालयहरुमा कम्पोष्ट विन र डस्टबिन हस्तान्तरण गरेको संस्थाको परिचालिका पवित्रा शर्माले जानकारी दिनुभयो।कार्यक्रममा सहभागी विद्यालयका अध्यक्ष र प्रधानाध्यापकले समुदाय केन्द्रित तालिम र अभियान संचालन गर्न केन्द्रलाई सुझाव दिएका छन्।

परिचालिका पवित्रा शर्माले स्वागत गर्नु भएको कार्यक्रमको संचालन उपाध्यक्ष वैकुण्ठ पौडेलले गर्नुभएको थियो। केन्द्रले वडाभित्र शिक्षा, स्वास्थ्य र वातावरणका क्षेत्रमा विभिन्न कार्यक्रम संचालन गर्दै आईरहेको छ।

## तारको ...

सहरको सौन्दर्यीकरणमासमेत टेवा पुऱ्याएको छ। प्राधिकरणको पोखरा वितरण केन्द्रका प्रशासन प्रमुख प्रदीप भुवाजीले सडक आयोजनाले ठेक्कामार्फत विद्युत् पोल हटाउने काम गरिरहेको बताउनुभयो।

"प्राविधिक सुपरीवेक्षणको काम हामीले गरिरहेका छौं, प्राधिकरणको मापदण्डअनुसार पृथ्वी राजमार्ग छेउछाउका विद्युत् पोल र तार हटाउने काम सडक आयोजनाले नै गरिरहेको छ", उहाँले भन्नुभयो, "अव्यवस्थित तथा जीर्ण विद्युत् पोल र तारको व्यवस्थापनले दुर्घटनाको जोखिम कम हुनुका साथै सहरी सौन्दर्य अभिवृद्धि हुन्छ।" प्राधिकरणको पोखरा वितरण केन्द्रले पोखरा उपत्यकाभरका पुराना पोल र तार विस्थापनका लागि भने ठूलो बजेट चाहिने जनाएको छ। चालिस वर्षअघिको विद्युत् लाइनलाई विस्थापित गरेर नयाँ राख्नुपर्ने अवस्था रहेको उसको भनाइ छ।

विद्युतीय दुर्घटना न्यूनीकरणका लागि जीर्ण विद्युत्का पोल र गुजुल्टिएका तार हटाउन अत्यावश्यक भइसकेको वितरण केन्द्रले जनाएको छ। अव्यवस्थित तार र पोलका कारण हुने दुर्घटनाबाट मानिसले ज्याउन गुमाउनुपर्ने स्थिति छ। सवारीसाधन पोलमा ठोक्किएर र करेन्ट लागेर त्यस्ता दुर्घटना हुने गरेका छन्। प्राधिकरणले काठमाडौं, पोखरा, भरतपुरजस्ता ठूला सहरमा तार भूमिगत गर्ने योजना सञ्चालन गरिरहेको छ। भूमिगत तार बढी क्षमतायुक्त र भरपर्दो हुने पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाका प्रमुख इञ्जिनियर सुवेदीले बताउनुभयो।

महँगो प्रणाली भएपनि ग्राहकको बढ्दो माग र बिजुलीको चाप थेग्न भूमिगत प्रणालीमा जानुपर्ने उहाँको भनाइ छ। प्रमुख इञ्जिनियर सुवेदीले पोखरा उपत्यकाभरको विद्युतीय तार जमिनमुनि बिछ्याउन पाँच अर्बभन्दा बढी बजेट चाहिने बताउनुभयो। "तार भूमिगत महँगो परियोजना हो, एकैसाथ ठूलो लगानी गर्न सरकारले पनि सक्दैन, प्रभाव र उपयोगिता हेरेर पोखराका अरु ठाउँमा पनि यो काम विस्तार हुन्छ", उहाँले भन्नुभयो।







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

गरिबी अपराधको जन्मदाता हो । - मार्कस औरीलिअस्

## सम्पादकीय

# सत्तारुढ दलबीच साझा धारणा

विपक्षीदलहरूले सरकारलाई दबाब दिन मोर्चा बनाई रहंदा सत्तारुढ दलबीच एकताबद्ध भएको सन्देश प्रवाह गरेका छनासरकारमा रहेका दलहरूले संसद्मा एकमतका साथ प्रस्तुत हुने निर्णय गरेका छन्। प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार बसेको सत्तारुढ दलको बैठकले संसदका काम कारबाही र सरकारका कामका बारेमा एकढिक्का भएर उभिने निर्णय गरेको छ । सत्तारुढ दलहरू एक ठाउँमा उभिएर सशक्त ढंगबाट सरकारका सकारात्मक कार्यहरूप्रति समर्थन जनाउँदै अघि बढ्ने निष्कर्ष निकालेको एमालेका मुख्य सचेतक महेश बर्तौलाले जानकारी दिएका छन । उनले अध्यादेश संसदमा पेस गरिने र त्यसलाई फेल गराउने अधिकार संसदमा विद्यमान रहेको बताए ।

संसदको दिउँदे अधिवेशन माघ १८ गते सुरू हुँदैछ । बैठकअघि प्रधानमन्त्री केपी शर्मा ओलीले सत्तारुढ दलका नेताहरूसँग छलफल गरेका हुन् । बैठकको सुरुवातमै जनतालाई सेवा दिन र विकास निर्माणका कामलाई गति दिन अत्यावश्यक भएका अध्यादेशहरूलाई संसद्को पहिलो दिनमै पेस गर्ने र छिट्टै प्रतिस्थापन विधेयक प्रस्तुत गर्नुपर्नेछ । संसदलाई पर्याप्त बिजनेस दिएर कानुन निर्माणका कामलाई तीव्रता दिन राजनीतिक दल र सांसद्हरूको प्रभावकारी भूमिका आवश्यक पर्छ ।

बैठकमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, एमालेका उपाध्यक्ष एवं उपप्रधानमन्त्री विष्णुप्रसाद पौडेल, कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुर, नागरिक उन्मुक्ति पार्टीका एअध्यक्ष रञ्जिता श्रेष्ठ, जनमत पार्टीका अध्यक्ष डा चन्द्रकान्त (सिके) राउत, जनता समाजवादी पार्टी नेपालका नेता राजकिशोर यादवलगायत सहभागी थिए । विपक्षी दलहरू सरकार र प्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रहार गर्न लागेपछि सत्तारुढ दलबीच उच्च समझदारी बनेको छाहरेक विषयलाई विरोध गर्ने माओवादीलाई जवाफ दिन सत्तारुढ दलबीच छलफल र परामर्श हुने गरेको छासरकारलाई गुण र दोषको आधारमा विरोध र समर्थन गर्न सकिन्छ तर माओवादी सत्ताबाट बाहिर गएपछि विरोध मात्र गर्दै आएको छाजसले गर्दा सरकारमा सामेल दलहरूबीच साझा धारणा बनाउन सहयोग गरेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाव | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


## डिस्चार्ज सर्टिफिकेट हराएको सूचना

**म सन्तमान गुरुङको Indian Army को पेन्सन निस्कँदाको अवस्थाको डिस्चार्ज सर्टिफिकेट मिति २०७२/०१/१२ गतेको भुकम्पमा घर भत्कन गई पेन्सन सर्टिफिकेट पुरिन गई हराएको हुँदा खोज तलास गर्दा फेला नपरेको जानकारी गराउँदछौं ।**

Name : Santaman Gurung

Indian Army No.: 142013 14 आसाम राईफल

PPO No. : 21815249900359

Rank: राईफल मेन

TS No : 47216

**ठेगाना :** अजिरकोट गाउँपालिका वडा नं. ५, गोरखा

**सम्पर्क नं. :** 9807196064

# पर्यटकका रोजाइमा अन्नपूर्ण आधार शिविर



**पोखरापत्र संवाददाता**

म्याग्दी, १४ माघ

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा रहेको अन्नपूर्ण आधार शिविर र मौरिस हर्गोज पदमार्गमा रु एक करोड २५ लाखको लागतमा पूर्वाधार निर्माण थालिएको छ ।

अन्नपूर्ण गाउँपालिकाको रु एक करोड, नेपाल पर्यटन बोर्डको रु २० लाख र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को रु पाँच लाख बजेटबाट आश्रयस्थल, शौचालय, खानेपानी, पदमार्ग, चिया पसल र खुला सङ्ग्रहालय निर्माण थालिएको हो । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले अन्नपूर्ण आधार शिविर र पञ्चकुण्ड ताल क्षेत्रमा अस्थायी संरचना निर्माण गर्न लागिएको जानकारी दिनुभयो ।

"एक्यापमा पर्ने भएकाले स्थायी संरचना निर्माण गर्न नीतिगत समस्या भएपछि पर्यटकको सहजताका लागि अस्थायी संरचना बनाउन थालिएको हो", उहाँले भन्नुभयो, "अन्नपूर्ण आधार शिविर र पदमार्गमा चिया तथा खाजा पसल सञ्चालनको गाउँपालिकाले ठेक्का आह्वान गरेको छ ।"

योजनाको सर्वेक्षण, लागत अनुमान तयार र उपभोक्ता समिति गठन भइसकेको अन्नपूर्णका प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद शर्मा कँडेलले बताउनुभयो । सन्धीखर्क, भुसकेट, पञ्चकुण्ड ताल परिसरमा रु ४० लाखको लागतमा तीन वटा आश्रयस्थल निर्माण गर्न लागिएको छ । हुमखोला, फुतफुते झरना, गुफाफाट, भुसकेट र पञ्चकुण्डमा खानेपानी र शौचालय निर्माणका लागि रु ३० लाख विनियोजन भएको छ । फुटफुते झरना परिसरमा चिया पसल र आधार शिविरमा खुला सङ्ग्रहालय निर्माणका लागि रु१०/१० लाख विनियोजन भएको छ । खुला सङ्ग्रहालयमा आधार शिविरमा रहेका अभिलेखलाई सङ्कलन र संरक्षण गर्ने लक्ष्य रहेको अन्नपूर्ण गाउँपालिकाका सवइन्जिनियर बालकृष्ण पौडेलले बताउनुभयो । पदमार्ग निर्माण र सुधारका लागि पर्यटन बोर्डको रु २० लाख, गाउँपालिकाको रु १० लाख र एक्यापको रु पाँच लाख बजेट परिचालन गर्ने गरी उपभोक्ता समिति गठन भएको छ । प्रमुख प्रशासकीय अधिकृत कँडेल, सवइन्जिनियर पौडेल र समुन्त यादवको टोली गत हप्ता आधार शिविर पुगेर योजना निर्माणस्थलको निरिक्षण गरेर फर्किएको थियो ।

मानव बस्तीदेखि टाढा, होटल र रेष्टुराँ नभएको आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमालको आरोहण आधार शिविर जाने पर्यटकलाई खाना, बस्न र फोहर व्यवस्थापनमा समस्या भएपछि पूर्वाधार निर्माण थालिएको हो । अन्नपूर्ण गाउँपालिका-४ का वडाध्यक्ष लोकबहादुर फगामीका अनुसार दसैँ-तिहारको समयमा करिब पाँच हजार जना आन्तरिक पर्यटक अन्नपूर्ण आधार शिविरको भ्रमणमा गएका थिए । मौरिस हर्गोज पदमार्गमा झोलुङ्गे पुल, सञ्चार, विद्युत् सुविधा विस्तार र पर्यटक चेकपोष्ट राख्नका लागि पनि पहल भएको उहाँले बताउनुभयो ।

अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारै किनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ । अन्नपूर्ण हिमालको फेदीमा रहेको नीलो रङको पञ्चकुण्ड ताल आधार शिविरको आकर्षण हो । तीन दिनको छोटो अवधीमा साहासिक पदयात्रा गर्न सकिने भएकाले पर्यटकको रोजाइमा अन्नपूर्ण आधार शिविर परेको हो । हर्गोजको टोलीले अन्नपूर्ण चढ्न प्रयोग गरेको बाटो पछ्याउँदै नारच्याङका तेज गुरुङको अगुवाइमा विसं २०६८ मा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य तथा पदमार्ग पहिचान भएको थियो । सो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले 'मौरिस हर्जोग' नामकरण गरेको छ । नारच्याङदेखि हुमखोलासम्म २० किलोमिटर सडक र हुमखोलादेखि आधार शिविरसम्म आधारभूतस्तरको २२ किमी पदमार्ग तयार भएको छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३ नेपालीटोल कास्कीमा सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः नेपाली टोल तोरी पेल्ने चौतारा सडक निर्माण

ठेगानाः पोखरा-३३, नेपाली टोल कास्की

योजना सम्झौता मितिः २०८१/०९/०७ गते

योजना शुरु मितिः २०८१/०९/०८ गते

योजना सम्पन्न हुने मितिः २०८१/१२/३० गते

योजना सम्पन्न भएको मितिः २०८१/१०/०४ गते

योजनाको कुल लागतः रु. ७,०६,०००।-

महानगरपालिकाबाटः रु. ६,००,०००।-

जनसहभागिताबाटः रु.१,०६,०००।-

उपभोक्ता समिति अध्यक्षः डिल बहादुर सार्की

सम्पर्क नं.: ९८२६४८१८७१

अनुगमन समिति संयोजकः प्रकाश कार्की

**नेपाली टोल तोरी पेल्ने चौतारा सडक निर्माण उपभोक्ता समिति पोखरा-३३, नेपाली टोल कास्की**

# बोयर जातको बोकाको माग उच्च

**पोखरापत्र संवाददाता**

दमौली, १४ माघ

तनहुँको बन्दीपुरस्थित बाख्रा अनुसन्धान केन्द्रले बाख्रा र बाख्रासँग सम्बन्धित अनुसन्धान गर्दै आएको छ ।

प्रविधि विकास तथा उन्नत र स्थानीय जातका प्रजननयोग्य बोका, पाठी तथा घाँस बेर्ना वितरणका साथै स्थानीय जातको संरक्षण पनि केन्द्रले गर्दै आएको छ । बाख्राको अनुसन्धानका लागि केन्द्रले विभिन्न ठाउँमा स्रोतकेन्द्र स्थापना गरेको छ । केन्द्रका अनुसार जिल्लाको भानु नगरपालिकास्थित बरभञ्ज्याङ, आँबुखैरेनी गाउँपालिकास्थित बराडीमा, घिरिङमा, गोरखाको बक्राङ, स्याङ्जाको पेखुथाना र धादिङको नीलकण्ठमा बाह्य अनुसन्धान केन्द्र स्थापना भएका छन् । केन्द्रले गत आर्थिक वर्ष २०८०/८१ मा लक्ष्यभन्दा बढी खरी बाख्रा उत्पादन गरेको थियो । त्यस वर्ष ३४ खरी बाख्रा उत्पादनको लक्ष्य रहेकामा ७० खरी बाख्रा उत्पादन भएको थियो । केन्द्रका डा राजु प्रमुख कँडेलका अनुसार केन्द्रबाट खरी, सिन्हाल, बार बरी, जमुनापारी क्रस, शुद्ध बोर, बोर क्रस, शुद्ध सानन र सानन क्रस बाख्राका पाठापाठी उत्पादन गरिएको छ ।

त्यस वर्ष बारबारीका छ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा छ, सिन्हालका चार पाठापाठी उत्पादन लक्ष्य राखिएकामा १२, शुद्ध बोरका ८० पाठापाठी उत्पादन लक्ष्य राखिएकामा ५९, शुद्ध बोरका ८० पाठापाठी लक्ष्य उत्पादन राखिएकामा ५९, बोर क्रसका एक सय ७३ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा एक सय ५९, शुद्ध साननका १५ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा २५, सानन क्रसका ३३ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा ६६ पाठापाठी उत्पादन भएको थियो। अनुसन्धान केन्द्रमा बोयर जातको बोकाको माग उच्च छ। बोयर जातको बोकाको नेपालमा बढी रुचाइएको कारण यसमा माग बढेको बताइन्छ । उहाँले भन्नुभयो, "स्थानीय जातको भन्दा बोयर जातको बोकाको माग बढी छ, जमुनापानी, खरी जातको बाख्राको माग पनि उत्तिकै छ ।" केन्द्रले सो वर्ष एक सय ४२ बाख्रा वितरण गरेको छ । नेपालका अधिकांश जिल्लामा यहाँबाट उत्पादन हुने बाख्रा वितरण हुने गरेको प्रमुख डा कँडेलको भनाइ छ। एक सय प्रतिशत बोर बाख्रा ४५ वटा वितरण गरिएको छ । उक्त बाख्राहरू म्याग्दी, सोलुखुम्बु, पाल्पा, गोरखा, कैलाली, कास्की, काठमाडौँ, दाङ, रामेछाप, चितवन, तनहुँ, दोलखा, उदयपुर, लमजुङ, स्याङ्जा, रुकुम पश्चिम, धादिङमा वितरण भएको कँडेलको भनाइ छ।

यसैबीच आइतबारदेखि बाख्रापालन तालिम सुरु भएको छ । तालिम यही माघ २० गतेसम्म सञ्चालन हुनेछ । तालिममा सात वटै प्रदेशबाट २० व्यावसायिक कृषकको सहभागिता छ ।

आवासीय तालिमअन्तर्गत किसानलाई प्रयोगात्मक विधिमार्फत बाख्रापालनसम्बन्धी विभिन्न ज्ञान प्रदान गरिने केन्द्रका प्रमुख डा कँडेलले जानकारी दिनुभयो । तालिममा रोग खोप, दाना व्यवस्थापन, प्रजनन विधि, र खोरको व्यवस्थापनलगायतका विषयमा व्यावहारिक अभ्यास गराइने उहाँले उल्लेख गर्नुभयो ।

# सुन्तलाखेतीले फेरियो दोसल्ले गाउँको मुहार

**पोखरापत्र संवाददाता**

म्याग्दी, १४ माघ



रोजगारको सिलसिलामा १४ वर्ष विदेशी भूमिमा बिताउनुभएका अन्नपूर्ण गाउँपालिका-७ दोसल्लेका प्रेमलाल मगर अहिले गाउँमै सुन्तलाखेतीमा रमाइरहनुभएको छ । उहाँ यसैले आफूलाई आत्मनिर्भर बनाएको बताउनुहुन्छ ।

बाह्र वर्षअघि करिब तीन रोपनी बारीमा सुन्तला रोप्नुभएका मगरको सुन्तला बगैँचामा ९० वटा बोटले फल दिन्छन् । यस वर्ष बगैँचाबाटै १० लाखको सुन्तला बिक्री भएको मगरले बताउनुभयो । "पहिले घरपरिवारको आर्थिक स्रोतकै लागि ११ वर्ष कतार र तीन वर्ष दुबईमा काम गरेँ, तर अहिले सुन्तलाले उत्पादन दिन थालेपछि विदेश जान छोडेको हुँ, अहिले आफ्नै सुन्तलाबारीमा पसिना बगाउँदा आनन्द लाग्छ", मगरले भन्नुभयो । केही वर्ष अघिसम्म दोसल्लेका अधिकांश परिवारका लागि रोजगारीका लागि विदेश जानु बाध्यता थियो । तर अहिले गाउँ कृषिबाट आत्मनिर्भर बनेको छ । गाउँका अधिकांश परिवारले व्यावसायिक रूपमा सुन्तलाखेती गरिरहेका छन् । कूल ४२ घरधुरीको बसोबास रहेको दोसल्लेको गाउँमा यसवर्ष सुन्तलाबाट रु एक करोड ६० लाख बढी भित्रिएको छ । पोखरा र काठमाडौँका व्यवसायी बगैँचामै पुगेर सुन्तला खरिद गरेपछि अहिले धमाधम सुन्तला टिप्ने काम भइरहेको छ । दोसल्ले व्यावसायिक सुन्तलाजात किसान समूहका अध्यक्ष प्रेम पाइजाले अघिल्लो वर्ष गाउँबाट रु ८० लाखको सुन्तला बिक्री भएकोमा यसवर्ष दोब्बरले आम्दानी बढेको जानकारी दिनुभयो ।

"पहिले गाउँमा सामान्य जीविकोपार्जन गर्नसमेत कठिन थियो, गाउँमा आम्दानीको कुनै स्रोत थिएन, आज सुन्तलाखेतीले स्थानीयलाई आर्थिक लाभ दिएको छ, कृषिबाटै गाउँलेको जीवनस्तर बदलिएको छ", पाइजाले भन्नुभयो । उहाँका अनुसार दोसल्लेमा १० हजार सुन्तलाका बोट छन् । विसं २०६८ मा पोखराबाट माटो परीक्षण विभागबाट विज्ञ ल्याएर माटो परीक्षण गरी सुन्तला खेतीमा लागेका दोसल्लेवासीले हरेक वर्ष सुन्तलाखेतीलाई विस्तार गर्दै लगेका छन् । परम्परागत रूपमा धान, मकै, कोदो, मटमास हुने खेतबारी सुन्तलाले ढाकिएको छ । नयाँ बोटलेसमेत फल दिन सुरू गरेकाले अबको केही वर्षमा यस गाउँमा सुन्तलाबाट वार्षिक तीन करोड बढी रकम भित्रने स्थानीयवासीको अनुमान छ । दोसल्लेका सबै घरमा सुन्तलाखेती गरिएको छ। गाउँबाट बसाइँसराइ रोकिएको छ। पहिले बेनी, पोखरालगायतका ठाउँमा बसाइँसराइ गरेकालेसमेत गाउँमा फर्किएर बाँझिएको जग्गामा सुन्तला रोपण गरेका छन्। विभिन्न पेसा, व्यवसायमा लागेकासमेत अहिले दोसल्लेमा सुन्तलाखेतीमा लामबद्ध भएका छन् । बेनीमा व्यवसाय गर्दै आउनुभएका विकास श्रेष्ठलेसमेत दोसल्लेमा व्यावसायिकसुन्तलाखेतीगर्नुभएको छ । अन्नपूर्ण गाउँपालिकाका पूर्वउपाध्यक्ष केशमाया मगर लेसमेत सुन्तला खेतीलाई विस्तार गर्नुभएको छ । खेतीयोग्य जमिन सबैमा सुन्तला रोप्ने अभियान चलेको दोसल्ले व्यावसायिक सुन्तलाजात किसान समूहले जनाएको छ । दोसल्लेमा विगत करिब १३ वर्षदेखि सुन्तलाखेती हुँदै आएको छ । सुन्तलाबाट राम्रो नगद आम्दानी हुन थालेपछि यहाँका किसान परम्परागत अन्नबाली लगाउन छाडेर सुन्तलाखेती विस्तारमा जुटेको स्थानीय मायादेवी गर्बुजाले बताउनुभयो । "अन्नबालीबाट गाउँमा नगद आम्दानी भएको थिएन, घरखर्च चलाउन मुस्किल थियो, सुन्तला खेतीले गाउँको मुहारै फेरिएको छ, सबै किसानको आर्थिक अवस्थामा सुधार भएको छ, घरघरमै रोजगारी सिर्जना भएको छ", गर्बुजाले भन्नुभयो ।

सुन्तला गाउँका रूपमा विकास भएको दोसल्लेका स्थानीय कामको खोजीमा भौतारिनुपर्ने बाध्यता हटेको छ । बिहानदेखि बेलुकासम्म आफ्नै खेतबारीका सुन्तला बगैँचाको स्याहार गर्ने र आफ्नै घरपरिवारसँग गाउँमै बसेर सुन्तला फलाएर आयआर्जन हुन थालेपछि दोसल्लेबासीको मुहारमा खुसी र जीवनमा सन्तुष्टि छाएको छ । गाउँमा सुन्तला खेतीसँगै आलुलगायतका तरकारीखेती, बाख्रापालन, कुखुरापालन लगायतको व्यावसायिकताले यो गाउँ आत्मनिर्भर र समृद्ध बन्ने बाटोमा छ ।

सुन्तलाखेती विस्तार, रोगकीराको उपचार, औँजार उपकरण खरिद र सिँचाइ विस्तारमा बाली संरक्षण विभाग पोखरा, कृषि ज्ञान केन्द्र, सुन्तला जोन र अन्नपूर्ण गाउँपालिकाबाट भएको सहयोगले सुन्तलाको व्यावसायिकखेतीमा हौसला थपेको समूहका अध्यक्ष पाइजाले जानकारी दिनुभयो । जिल्लामा यसवर्ष रु ३३ करोड ४६ लाखको सुन्तला बिक्री भइसकेको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सञ्जीव बाँस्तोलाले जानकारी दिनुभयो । म्याग्दीमा आठ सय २० हेक्टर जमिनमा सुन्तलाखेती हुँदै आएकोमा चार सय २५ हेक्टर जमिनको सुन्तलाका बोटले मात्रै फल दिने गर्छ । किसानको बगैँचाबाटै प्रतिकिलो रू ६० देखि एक सय २० सम्मको मूल्यमा व्यापारीले सुन्तला खरिद गरेका छन् ।

# हिउँदमा पनि मनाङ मर्स्याङ्दीका काम निरन्तर

नविन लामिछाने
मनाङ, १४ माघ/रासस

हिउँद लागेपछि मनाङमा विकास निर्माणका काम प्रायः ठप्प जस्तै हुन्छ । सामान्य काम भए पनि सिमेन्ट प्रयोग गरेर गर्नुपर्ने काम हुँदैनन् । तर, एक सय ३५ मेगावट क्षमताको निर्माणाधीन मनाङ मर्स्याङ्दी जलविद्युत् आयोजनाको काम भने चिसोका बावजुत निर्माणका तीव्र गतिमा भइरहेको छ ।

सिमेन्टका कार्य गर्न नसकिए पनि अन्य जलविद्युत्का विकासका भित्री कार्य गर्न मिल्ने आयोजनाले जनाएको छ । चिसोमा नै आयोजनाले निर्माणको काम गरिरहेको बुटवल पावर कम्पनीका सहायक निर्देशक एवं मनाङ मर्स्याङ्दी जलविद्युत् आयोजनाका उपमहाप्रबन्धक प्रतिकमान सिंह प्रधानले जानकारी दिनुभयो ।

"आयोजनाको बाध (ड्याम), मेसिनरी पर्खाल, सडक विस्तारको काम भइरहेको छ, सम्झौतामा तोकिएको समयमा सम्पन्न गर्नका लागि कामलाई तीव्रता दिइरहेका छौँ", प्रधानले भन्नुभयो, "चिसोको समयमा नै पनि कामलाई तीव्रता दिनुपर्ने अवस्था रहेको छ ।"

आयोजनालाई समयमा सम्पन्न गरी मनाङलाई उज्यालो बनाउन सहयोग पुर्‍याउने लक्ष्य आयोजनाको रहेको उहाँले बताउनुभयो । उहाँका अनुसार चामे गाउँपालिका-३ कोतोमा बाध (ड्याम) निर्माण भइरहेको छ । सुरूङ खन्ने, पावर हाउस, सडक निर्माणका काम भइरहेका छन् । नासों गाउँपालिका-९ र ८ मा पावर हाउस र सुरूङ खन्ने काम भइरहेको उपमहाप्रबन्धक प्रधानले जानकारी दिनुभयो ।

मनाङ मर्स्याङ्दी जलविद्युत् आयोजना सरोकार समिति संयोजक एवं गण्डकी प्रदेशसभा सदस्य मुनिन्द्रजङ्ग गुरुङले जलविद्युत् आयोजना निर्माणका क्रममा बाधअड्चन आएमा समाधान गर्नुका साथै आयोजनामा स्थानीय स्रोतसाधनको प्रयोग, सम्झौतामा भएका वातावरणीय प्रभावलाई कार्यान्वयनमा खबरदारी गर्दै स्थानीयवासीका लागि रोजगारी सिर्जना गरेर काम गरिरहेका बताउनुभयो । मनाङ मर्स्याङ्दी जलविद्युत् आयोजनाको विकासको लागि सरकारसँग बुटवल पावर कम्पनीसहित तीन चिनियाँ कम्पनीबीच विसं २०७९ पुस ३ गते सम्झौता भएको थियो । चार वर्षमा आयोजना निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको हो । आयोजनामा नेपाली साझेदार बिपीसीले २० प्रतिशत र तीन चिनियाँ कम्पनी एससीआईजी इन्टरनेशनल, छिङचेङ इन्टरनेशनल र चिनियाँ लगानीकर्तामा क्यूवाइसी इन्टरनेशनलले संयुक्त रूपमा ८० प्रतिशत शेयर स्वामित्व रहने गरी लगानीकर्ताबीच समझदारी भएको जनाएको छ ।

आयोजनाको कूल लागत रू ३३ अर्ब ३८ करोडमध्ये २० प्रतिशत स्वपुँजी र ८० प्रतिशत ऋण लगानी रहनेछ । आयोजनामा बुटवल पावर कम्पनीले मात्रै करिब रू एक अर्ब ३३ करोड स्वपुँजी लगानी गर्नेछ । आयोजनाले वार्षिक ७५ करोड नौ लाख ४८ हजार आठ सय ७५ युनिट विद्युत् उत्पादन लक्ष्य लिएको छ । आयोजना पिकिङ रन अफ दि रिभर प्रकृतिको हुनेछ । जसबाट वार्षिक सात सय ६६ दशमलव पाँच सय ९३ गिगावाट आवरमा विद्युत् उत्पादन हुने प्रधानले जानकारी दिनुभयो ।

सम्भाव्यता अध्ययनका अनुसार यस आयोजनाको ग्रस हेड चार सय ३० दशमलव २० मिटर र हेडरेस टनेल छ दशमलव शून्य ७५ किलोमिटर रहेको छ । आयोजनामा २० प्रतिशत बिपीसी र चिनियाँ कम्पनीको ८० प्रतिशत लगानी रहनेछ । यसका साथै आयोजना निर्माणस्थलको काम तीव्र गतिमा भइरहेको जनाएको छ ।

# मातृभाषा शिक्षक तयार गर्दै व्यास नगरपालिका

पोखरापत्र संवाददाता
पोखरा, १४ माघ

गण्डकी प्रदेश सरकारले स्थानीय भाषा संरक्षण गर्न कामकाजका भाषामा समावेश गर्ने नीति लिएको छ ।

यसका लागि तनहुँको व्यास नगरपालिकाले सामुदायिक विद्यालयमा मगर भाषा कक्षा सञ्चालन गर्ने उद्देश्यले प्रशिक्षक उत्पादन गर्न प्रशिक्षण थालेको छ । प्रदेश सरकारले मगर र गुरुङ भाषालाई कामकाजको भाषा बनाउने नीति लिएसँगै नगरपालिकाले मगर भाषाको संरक्षणको निम्ति प्रशिक्षक उत्पादनमा जुटेको हो । नगरपालिकाले मगर विद्यार्थीको बाहुल्यता रहेका विद्यालयमा अतिरिक्त कक्षाको रूपमा मगर भाषामा पठनपाठन गर्ने तयारी गरेको छ । मगर भाषाको पाठ्यक्रम कार्यान्वयनमा ल्याउन नगरपालिकाको सहयोगमा शिक्षकलाई प्रशिक्षण दिइरहेको छ । नेपाल मगर सङ्घ व्यास नगर समितिको आयोजनामा र व्यास नगरपालिकाको सहयोगमा शनिबारदेखि पाँच दिने मातृभाषा प्रशिक्षक उत्पादनका लागि प्रशिक्षण सञ्चालन गरेको छ । तालिम लिएपछि मातृभाषा शिक्षकले विद्यालयमा मगर भाषाको पाठ्यक्रमअनुसारको पठनपाठन गराउने छन् । पठनपाठनमा सहज बनाउन मगर भाषामा कक्षा सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ। व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले नगरपालिकाले विभिन्न समुदायको पहिचानसँग जोडिएका भाषा, साहित्य, कला, संस्कार र संस्कृति संरक्षणलाई प्राथमिकतामा राखिएको बताउनुभयो । नगरवासीको भाषा, कला, संस्कार, संस्कृति, साहित्य, पर्यटन तथा पुरातात्विक क्षेत्रको संरक्षण गर्ने उद्देश्य प्रज्ञा प्रतिष्ठान गठनको बताउँदै उहाँले मगर भाषाको संरक्षण तथा प्रवर्द्धनका प्रशिक्षण दिइएको बताउनुभयो । उहाँले भन्नुभयो, "मातृभाषाको पठनपाठनका लागि उत्कृष्ट प्रशिक्षक उत्पादन गर्न नगरपालिकाले रु दुई लाख विनियोजन गरेको छ, सोहीअनुरुप नै अहिले तालिम सञ्चालन पनि भइरहेको छ, प्रशिक्षक तयार भएपछि नगरपालिकाभित्रका मगर समुदायको बाहुल्यता रहेका विद्यालयमा कक्षा सञ्चालन गर्ने तयारी गर्छौं ।" भाषाको संरक्षणका साथै सिकाइ प्रभावकारी बनाउन मातृभाषा कक्षाले सहयोग पुग्ने उहाँको भनाइ छ। गण्डकी प्रदेश सरकारले सरकारी कामकाजको भाषाको रूपमा मगर र गुरुङ भाषालाई प्रयोगमा ल्याउन नीति लिएसँगै यस्ता तालिमले मद्दत पुग्ने नगर प्रमुख न्यौपानेको विश्वास छ । भाषालाई पुस्तान्तरणका लागि सहयोग पुर्‍याउने उद्देश्यले प्रशिक्षकलाई तालिम प्रदान गरिएको नेपाल मगर सङ्घ व्यास नगर समितिका अध्यक्ष रिमा आलेमगरले बताउनुभयो । समितिका अनुसार यमबहादुर आले, इन्द्रबहादुर आले, नन्दु थापा, अमर थापा, यमलाल थापा, तिलबहादुर थापा, अनुराग थापा मगरले मगर भाषा पाठ्यक्रमको प्रशिक्षण दिइरहनुभएको छ । सामुदायिक विद्यालयका मगर शिक्षकलाई मगर भाषा अक्खलिपी प्रशिक्षक प्रशिक्षण दिइनेछ ।

# वन डढेलो नियन्त्रणमा जुट्न फेकोफन कास्कीको आव्हान

पोखरापत्र संवाददाता
पोखरा, १४ माघ



हिउँदे बर्षाको कमी, निरन्तर तापक्रमको बृद्धिको कारण यस बर्षपनि वन क्षेत्रमा डढेलो लाग्ने अधिक सम्भावना रहेको भन्दै फेकोफन कास्कीले नियन्त्रणमा जुटन सबैमा आव्हान गरेको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपाल कास्कीको आज सम्पन्न पूर्ण बैठकले डढेलो नियन्त्रणका लागि सम्पूर्ण वन समुह र सरोकारवाल सवैलाई आ-आप्नो स्थानबाट सचेत रहन आग्रह गरेको हो । डढेलो नियन्त्रण सम्वन्धी सामुदायिक तथा सरकारी योजनाहरुको प्रभावकारी कार्यान्वयन, सम्वन्धित निकायहरु बिच समन्वय र सहकार्य गरेर अघि बढ्ने बैठकले निर्णय गरेको महासंघ कास्कीका अध्यक्ष विश्वनाथ अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार दैनिकरुपमा वनमा जाने गोठाला, घाँस दाउराका लागि जाने वन समुह तथा जडिवुटी र काठ दाउरा संकलन गर्न जाने व्यक्ति सहित पैदलयात्रीलाई डढेलो विरुद्ध सचेतीकरण गर्न बैठकले जोड दिएको छ। बैठकमा सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य हरि बाँस्तोलाले वन पैदावार उपयोग नीतिको अभावमा वन क्षेत्र प्रत्येक बर्ष डढेलोको चपेटामा पर्ने गरेको बताउनुभयो । झाडी, सोत्तर, दाउरा र काठको भण्डार जंगलमा खेरजाने वन पैदावार निकाल्ने सर्वसुलभ नीतिको खाँचो रहेको बताउँदै उहाँले भन्नुभयो सामुदायिक वन उद्यम दर्ता हुनु अपरिहार्य छ । काठको कम्पोजिट प्लान्ट र पातपतिङ्गरको प्राङ्गारिक मल बनाउने उद्योग स्थापना गर्ने हो भने वन डढेलो रोकिनुका साथै हरित रोजगार सिर्जना भई आयातित काठ र मल विस्तापित गर्न सकिने उहाँको विश्वास थियो ।

महासंघ गण्डकी प्रदेशका अध्यक्ष कालीदास सुवेदीले मानव, वन्यजन्तु, वातावरण लगायतको क्षेत्रमा ठूलो असर पर्ने वन डढेलो नियन्त्रणमा जुट्न उपभोक्तालाई अपिल गर्दै आगो लगाउने जो सुकैलाई भएपनि कानूनी दायरामा ल्याउनु पर्नेमा जोड दिनुभयो । बैठकमा महासंघ प्रदेश महासचिव आसु विक, सदस्यहरु दिनेश श्रेष्ठ, लक्ष्मी अधिकारी, जित वहादुर वस्नेत, जिल्लाका चुडामणी अधिकारी, पार्वती सुवेदी लगायत कास्की जिल्लाका पाँचवटै स्थानीय महासंघका पदाधिकारी तथा सदस्यहरुले वन डढेलो विरुद्धमा संगठित भएर जुट्ने बैठकको सामुहिक प्रतिवद्धता रहेको थियो । सामुदायिक वन उपभोक्ता महासंघको टोलीले आजै डिभिजन वन कार्यालय कास्कीका प्रमुख कोमलराज काफ्लेसंग भेटघाट गरि वन डढेलो नियन्त्रणमा सहकार्य गरेर अघि बढ्ने सहमति भएको छ । पोखरा महानगरको तीन स्थान र चारवटा गाउँपालिकामा एक ।

एक गरि सात स्थानमा सामुदायिक वनका उपभोक्ताको भेला गरि डढेलो विरुद्धमा सचेतीकरण गर्नुका साथै आवश्यक प्रचार प्रसारमा जोड दिने सहमति भएको महानगर महासंघका अध्यक्ष कमल भुजेलले जानकारी दिनुभयो ।

# राष्ट्रपति रनिङशिल्डको तयारी

पोखरापत्र संवाददाता
दमौली, १४ माघ

जिल्ला खेलकुद विकास समितिको आयोजनामा आगामी फागुन ३ र ४ गते जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता हुने भएको छ ।

जिल्ला समन्वय समितिका प्रमुख एवं राष्ट्रपति रनिङशिल्ड सल्लाहकार समितिका अध्यक्ष शान्तिरमण वाग्लेको अध्यक्षतामा आज बसेको बैठकले उक्त मितिमा दमौलीस्थित खेलमैदानमा प्रतियोगिता सञ्चालन हुने निर्णय गरेको खेलकुद विकास समितिका अध्यक्ष अनिल पाण्डेले जानकारी दिनुभयो । जिल्लाका सबै पालिकामा पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता अन्तिम चरणमा रहेकाले माघ ३० गतेसम्म पालिकाबाट छनोट भएका खेलाडीको नामावली कार्यालयमा उपलब्ध गराउन आग्रह गरिएको उहाँले बताउनुभयो । विगतका वर्षमा जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताका लागि खेलकुद मन्त्रालयबाट बजेट विनियोजन हुने गरे पनि यस वर्ष भने उक्त बजेट कटौती भएको छ । मन्त्रालयले बजेट नछुट्याएका कारण आन्तरिक स्रोत जुटाएर कार्यक्रम गर्नुपर्ने बाध्यताका कारण प्रत्येक पालिकालाई रु २५ हजार दर्ता शुल्क तोकिएको अध्यक्ष पाण्डेले बताउनुभयो ।

# जैमिनी नगरपालिकाले सञ्चालन गऱ्यो 'निःशुल्क किसान फोन सेवा'

पोखरापत्र संवाददाता
बागलुङ, १४ माघ

बागलुङको जैमिनी नगरपालिकाले किसानको सहजताका लागि 'निःशुल्क किसान फोन सेवा' सञ्चालन गरेको छ । व्यावसायिक कृषि तथा पशुपालन गर्दै आएका किसानलाई प्राविधिक तथा अनुदानका कार्यक्रमलाई प्रभावकारी बनाउन 'निःशुल्क किसान फोन सेवा' सञ्चालन गरिएको हो । माघ पहिलो सातादेखि यो सेवा सुरु गरेपछि किसान लाभान्वित हुँदै गएको नगरपालिकाका पशु शाखा प्रमुख डा अच्युत आचार्यले जानकारी दिनुभयो । किसानले बालीनाली र पशुचौपायामा समस्या देखिए तत्काल फोन गरेर प्राविधिक सेवा लिन सकिने उहाँको भनाइ छ । किसानले पशु तथा कृषिसम्बन्धी जानकारी लिनुपरे पैसा नलाग्ने नम्बर १८१०-५०००-११६ मा फोन गर्न सक्नेछन् ।

आचार्यले भन्नुभयो, "जैमिनी भौगोलिक हिसाबले ठूलो छ, बाली तथा पशु चौपायामा केही समस्या आए तत्काल 'फिल्ड'मा पुग्न नसकिने अवस्थामा किसानले हामीलाई फोन गर्नु हुनेछ, नगरपालिकाबाट प्राविधिकले समस्या बुझेर तत्काल समाधानको उपाय बताउनेछन्, अहिले हामीले बिहान १० देखि साँझ ५ बजेसम्म सेवा सुरु गरेका छौँ, अब छिट्टै २४सै घण्टा सेवा दिनेगरी तयारी गरिरहेका छौँ ।" किसानले प्राविधिक सेवा नपाउँदा ठूलो नोक्सानी व्यहोर्नुपरेको हुँदा नगरपालिकाले 'निःशुल्क किसान फोन सेवा' सञ्चालन गरेको नगर उपप्रमुख हरिहर शर्माले बताउनुभयो । किसानको समस्या समाधान गर्न एकै स्थानबाट पालिकाभरिका कृषकलाई टेलिफोनका माध्यमबाट प्राविधिक ज्ञान, सल्लाह सुझाव प्रदान गर्ने उहाँको भनाइ छ । किसान 'कल सेन्टर' स्थापना भएपछि कृषकलाई परेको समस्या समाधान गर्न कार्यालय नै धाउन नपर्ने शर्मा बताउनुहुन्छ । किसान कल सेवा स्थापना भएपछि विषय विज्ञहरुबाट कृषि तथा पशुसम्बन्धी सल्लाह, सुझाव, जिज्ञासा, नवीनतम प्रविधिबारे जानकारी, उत्पादनमा देखापरेका समस्या तथा क्षति समाधानका उपाय, सूचना एकै ठाउँबाट उपलब्ध हुने उपप्रमुख शर्माले जानकारी दिनुभयो ।


## Galyang Municipality
## Office of The Municipal Executive
## Galyang, Syangja
Gandaki Province, Nepal

## Invitation for Bids (IFB)

**Second Date of Publication: 2025/01/28 (2081/10/15)**

1. Galyang Municipality invites electronic bids from eligible bidders under Sealed Quotation-Single stage Single Envelope Bidding procedures.

| S. N. | Contract No. | Description of work | Bid Security Amount NRs | Last Date of Bid Submission | Bid Opening Date and Time | Estimate Amount NRs (Exclusive of VAT ) | Cost of Bidding Document NRs |
|---|---|---|---|---|---|---|---|
| 1. | Contract ID: GM/SYA/ SQ/WORKS/ 09/2081/082 | Construction of Jaluke Syalbas Road at Ward 5 | 41,000.00 | 2025/02/11 12.00 Hours | 2025/02/11 14.00 Hours | 14,56,968.36 | 1,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Galyang Municipality, Galyang, Syangja, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp


**Chief Administrative Officer**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना

जन्मः वि.स. २००७/१२/२२



स्वर्गारोहणः वि.स. २०८१/१०/०३

**स्व: दशरथ बराल**

श्री जनकल्याण समिति पोखरा-१३ का आजीवन सदस्य माया देवी (सेती देवी) बरालज्यूको प्रातः पुजनीय श्रीमान्, चिन्तामणी बरालको स्नेह भाइ, देवी लामिछानेको आदरणीय दाजु, भानु बराल, डा. गरिमा बरालज्यूका सम-आदरणीय पिताजी, सन्देश बराल, ज्योति बरालका स्मरणीय हजुरबुबा, तुलसी, नमिता, संगिता बराल तथा डा. सुरज भण्डारी र आश्विन दाहालज्यूका स्मरणीय ससुरा बुबा, भान्जा रामचन्द्र र भान्जी विमला लामिछानेज्यूको लागि अभिभावकीय भूमिका खेल्नु हुने मामा **दशरथ बराल**को मिति २०८१ साल माघ ३ गते बिहान ६:१५ बजे उपचारकै क्रममा गण्डकी क्षेत्रीय अस्पताल पोखरामा असामयिक स्वगारोहण भएकोमा श्री जनकल्याण समिति पोखरा-१३ परिवार भावविव्हल भएका छौं । यो दुःखको घडीमा स्वर्गीय आत्माको चिरशान्ति र बैकुण्ठबासको कामना गर्दै शोकाकुल परिवारजन, दाजु-भाइ, ईष्टमित्र, कूलकुटुम्ब सबैलाई धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गर्नेछन् भन्ने सतत् कामनाको साथमा आज १३ औं दिनको पुण्यतिथिमा भावपूर्ण समवेदना व्यक्त गर्दछौं ।

**श्री जनकल्याण समिति परिवार**
**पोखरा महानगरपालिका-१३, शिद्धकोस्थान**